# जिल्ला विकास समिति महासंघ नेपालको
# विधान – २०५२
## पहिलो संशोधन
## २०५८

# जिल्ला विकास समिति महासंघ नेपालको विधान - २०५२

## प्रस्तावना

ऐतिहासिक जनआन्दोलन २०४६ को भावना अनुरुप विकेन्द्रीकरणको माध्यमद्धारा प्रत्येक जिल्लाको स्वशासनमा स्थानीय जनतालाई अधिकारिक मात्रामा सम्मिलित गराई अगाडि बढाउन, जिल्ला विकास समितिको नेतृत्वमा जिल्लाको समग्र विकास गतिविधि संचालन गरी बहुदलीय प्रजातन्त्रको फल जनताको घर दैलोमा पुऱ्याउने, देशका सबै जिल्ला विकास समितिहरुका बीच समन्वयात्मक सम्बन्ध सुदृढगरी अनुभव र सहयोगको आदान प्रदान गर्न जिल्ला विकास समिति महासंघ, नेपालको स्थापना र संचालन गर्नका लागि यो विधान बनाइएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस विधानको नाम "जिल्ला विकास समिति महासंघ नेपालको विधान, २०५२" रहने छ ।
२. यो विधान परिषदले पारित गरेको मितिबाट लागू हुनेछ ।
३. यस विधानको पालना गर्नु सबै सदस्य - जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।
४. महासंघको सम्पूर्ण काम कार्वाही यसै विधानमा लेखिए अनुसार हुनेछ ।

**२.परिभाषा :**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :
    क. "विधान" भन्नाले जिल्ला विकास समिति महासंघ नेपालको विधान, २०५२ लाई जनाउनेछ,
    ख. "महासंघ" भन्नाले यस विधान अन्तर्गत स्थापित जिल्ला विकास समिति महासंघ, नेपाललाई जनाउनेछ,
    ग. "कार्यसमिति" भन्नाले महासंघको कार्य समितिलाई जनाउनेछ,
    घ. "परिषद्" भन्नाले यस विधानको धारा (८) बमोजिम गठित परिषद्लाई जनाउनेछ,

ङ. “सचिवालय” भन्नाले महासंघको सचिवालयलाई जनाउनेछ,
च. “सदस्य - जिल्ला विकास समिति” भन्नाले यस विधानको धारा ४ को उपधारा (३) बमोजिम सदस्यता शुल्क बुझाई महासंघको सदस्यता ग्रहण गर्ने जिल्ला विकास समितिलाई जनाउनेछ,
छ. “जिल्ला विकास समिति” भन्नाले जिल्ला विकास समिति ऐन २०४८ को दफा ६ बमोजिम गठित जिल्ला विकास समितिलाई जनाउनेछ,
ज. “अध्यक्ष” भन्नाले महासंघको अध्यक्षलाई जनाउनेछ,
झ. “उपाध्यक्ष” भन्नाले महासंघको उपाध्यक्षलाई जनाउनेछ,
ञ. “कार्य समितिको सदस्य” भन्नाले महासंघको कार्य समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले महासंघको अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउनेछ,
ट. “परिषद्का सदस्य” भन्नाले परिषद्को बैठकमा भाग लिन पाउने धारा ८ को उपधारा (२) अनुसारका सदस्यलाई जनाउनेछ,
ठ. “कार्यकारी महासचिव” भन्नाले धारा २१ बमोजिम नियुक्त कार्यकारी महासचिवलाई जनाउनेछ,
ड. “नियम” भन्नाले परिषद्ले पारित गरी लागु गरेको नियमलाई सम्झनु पर्नेछ,
ढ. “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो विधान अर्न्तगत बनेको नियम वा परिषद् वा कार्यसमितिले तोकेको वा तोकिए बमोजिम सम्झनु पर्नेछ ।

## परिच्छेद -२
## महासंघको उद्देश्य र गठन

**३. महासंघको उद्देश्य :**

महासंघको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. बहुदलिय प्रजातन्त्रको मर्म र भावना अनुकूल विकेन्द्रीकरणको माध्यमद्धारा जनतालाई स्थानीय विकासमा सक्रिय सहभागी गराई स्वायत्त शासनको अवधारणालाई समूचित तथा वास्तविक रुपमा अगाडि बढाउन सहयोग पुऱ्याउने,
ख. श्री ५ को सरकार र संसदलाई जिल्ला विकासका सम्बन्धमा सूचना र जिल्ला विकास समितिहरुका कृयाकलापबारे जानकारी गराउने,
ग. जनसहभागिताको माध्यमद्धारा जिल्लामा दिगो विकासका लागि सहयोग पुऱ्याउने,
घ. सदस्य - जिल्ला विकास समितिहरुलाई सूचना र सल्लाह सम्बन्धि सेवा प्रदान गर्ने,

ङ. सदस्य - जिल्ला विकास समितिहरुलाई सुदृढ बनाउने उद्देश्यले विकास कोष स्थापना गर्ने,
च. अर्न्तराष्ट्रिय जगतमा नेपालको विकेन्द्रीकरण प्रणालीलाई सुपरिचित गराएर महासंघको उद्देश्य एवम् भावनाअनुरुपका अर्न्तराष्ट्रिय संघ संस्थाहरुसंग भाइचाराको सम्बन्ध बढाउने ।

## ४. महासंघको गठन :

१. यस विधानलाई स्विकार गरी महासंघमा सामेल हुने शर्त पूरा गर्ने जिल्ला विकास समितिहरुको समष्टिगतरुपनै जिल्ला विकास समिति महासंघ नेपाल हो ।
२. यो विधानलाई स्वीकार गरी परिषद्मा सामेल हुन शर्त पूरा गर्ने सदस्य - जिल्ला विकास समिति र यस विधान अर्न्तगत हुने परिषद्को पहिलो बैठकमा सहभागी हुने परिषदका सदस्यहरु परिषदका संस्थापक सदस्य हुने छन् ।
३. यो विधानलाई स्वीकार गरी प्रत्येक आर्थिक वर्षका लागि तोकिएको शुल्क बुझाउने कुनै पनि जिल्ला विकास समिति महासंघको सदस्य हुनेछ ।
४. महासंघको दैनिक कार्य संचालनका लागि धारा (१०) मा लेखिए अनुसारको एउटा कार्यसमिति हुनेछ ।
५. महासंघको नीति, कार्यक्रम र योजना तर्जुमा गर्न र कार्य समितिलाई आवश्यक निर्देशन दिनका लागि महासंघको एउटा परिषद् हुनेछ ।
६. कार्य समितिले यस विधान र परिषद्ले दिएको निर्देशन तथा निर्णय बमोजिम महासंघको नामबाट महासंघको दैनिक कार्य संचालन गर्नेछ ।

## ५. स्वशासित संगठित संस्था :

१. महासंघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।
२. महासंघको एउटा चिन्ह र छाप हुनेछ । महासंघको चिन्ह र छाप कार्य समितिले तोके बमोजिम हुनेछ ।
३. महासंघले व्यक्ति सरह नालिस उजूर गर्न सक्ने र महासंघ उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ ।
४. महासंघले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद, विक्रि र उपभोग गर्न सक्नेछ तर श्री ५ को सरकारबाट प्राप्त अचल सम्पत्ति श्री ५ को सरकारको स्वीकृत विना बेच बिखन गर्न पाइने छैन ।

५. महासंघको आफ्नो छुट्टै सचिवालय हुनेछ र महासंघको सचिवालय कार्यसमितिले तोकेको स्थानमा रहनेछ ।

**६ सदस्यता कायम नरहने :**

१. देहायको कुनै अवस्थामा सदस्य - जिल्ला विकास समितिको सदस्यता महासंघमा कायम रहने छैन ।

क. महासंघमा बुझाउनु पर्ने सदस्यता शुल्क नबुझाएमा,
ख. धारा ७ बमोजिम महासंघको सदस्यता त्याग गरेमा,

२. उपधारा (१) बमोजिम सदस्यता कायम नरहने विषयको सूचना, कार्यसमितिको निर्णय बमोजिम कार्यकारी महासचिवले दिनेछ ।

३. उपधारा (१) अनुसार सदस्य कायम नरहेको जिल्ला विकास समितिले यो विधान अर्न्तगत बाँकी सबै दस्तुर तिरी सदस्य हुन चाहेमा सो शर्त पूरा गर्ने कुनै पनि जिल्ला विकास समितिको सदस्यता पुनः कायम हुन सक्नेछ ।

४. उपधारा (१) बमोजिम कुनै जिल्ला विकास समिति महासंघको सदस्य नरहेमा त्यस्तो जिल्ला विकास समितिबाट परिषद् वा कार्यसमितिमा रहेको व्यक्तिको सदस्यता स्वतः समाप्त भएको मानिनेछ ।

**७. सदस्यता त्याग्न सकिने :**

१. सदस्य जिल्ला विकास समितिले महासंघको सदस्यता त्याग्न चाहेमा जिल्ला विकास समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहितको सूचना कम्तिमा दुई महिना अगावै सचिवालयमा पुग्ने गरी पठाउनु पर्नेछ ।
२. उपधारा (१) बमोजिम प्राप्त हुन आएको सम्बन्धित जिल्ला विकास समितिको निर्णय उपर कार्यसमितिले विचार गरी तत्सम्बन्धमा निर्णय गर्नेछ ।
३. उपधारा (२) अनुसारको निर्णयको जानकारी कार्यकारी महासचिवले सम्बन्धित जिल्ला विकास समितिलाई दिनुपर्नेछ ।

## परिच्छेद -३
## परिषद

### ८. परिषदको गठन :

१. महासंघको सर्वोच्च निकायका रुपमा एउटा परिषद हुनेछ, जसलाई जिल्ला विकास समिति महासंघ नेपालको परिषद भनिनेछ ।

२. परिषदमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

(क) प्रत्येक सदस्य - जिल्ला विकास समितिका सभापति तथा उप-सभापति पदेन सदस्य,

(ख) प्रत्येक सदस्य जिल्ला विकास समितिका सदस्यहरु मध्ये जिल्ला विकास समिति वोर्डले निर्वाचित गरेको एकजना महिला सदस्य सहित दुईजना सदस्य ,

(ग) महासंघको निवर्तमान अध्यक्ष पदेन एक जना सदस्य,

३. उपधारा (२) को खण्ड (क) र (ख) अन्तर्गत परिषदका सदस्यको स्थान कुनै किसिमबाट रिक्त हुन आएमा सो रिक्त स्थानमा सम्बन्धित सदस्य जिल्ला विकास समितिले साविक बमोजिम रिक्त स्थानको पूर्ति गर्नेछ ।

४. उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला विकास समितिको कार्यकाल एक वर्ष भन्दा कम बाँकी रहेको अवस्थामा परिषदको सदस्यको रिक्त पद पूर्ति गरिने छैन ।

### ९. परिषदको काम, कर्तव्य र अधिकार :

परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. सदस्य - जिल्ला विकास समितिहरुका वीच नियमित सम्बन्ध र सहयोगलाई अभिवृद्धि गरी स्थानीय निकायहरुको संस्थागत विकासका लागि काम गर्ने ,

ख. श्री ५ को सरकार र संसदलाई जिल्ला विकास समितिका समस्याहरु अवगत गराउने ,

ग. सबै जिल्लाको साझा समस्याको पहिचान गरी समाधानका लागि श्री ५ को सरकार समक्ष सुझाव प्रस्तुत गर्ने ,

घ. पूर्वाधारको निर्माण गरी गरीवी निवारणका लागि उपयुक्त कार्यक्रमलाई प्राथमिकताका आधारमा लागुगर्ने, गराउने तर्फ श्री ५ को सरकार, जिल्ला विकास समितिहरुलाई सल्लाह दिई सहयोग पुऱ्याउने,

ङ. श्री ५ को सरकार र स्वदेशी तथा विदेशी संस्थाहरुबाट जिल्लाको विकासका लागि सहयोग अभिवृद्धि गराउने तर्फ आवश्यक कार्य गर्ने,

च. प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्दै जिल्ला विकासको उद्धेश्य राखेर स्थापित सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरु वीच समन्वय कायम गर्न, गराउनका लागि आवश्यक उपाय पत्ता लगाउने,
छ. प्रत्येक जिल्लाको द्रुततर विकासका लागि स्थानीय जनप्रतिनिधिहरुको भूमिका प्रभावकारी बनाउन उपयुक्त नीति, र कार्यक्रमहरु प्रस्तुत गर्ने,
ज. स्थानीय विकास सम्बन्धी विविध विषयमा अध्ययन अनुसन्धान गर्ने, गराउने,
झ. महासंघको नीति, कार्यक्रम र बजेट पारित गर्ने,
ञ. महासंघका लागि आवश्यक नियम पारित गरी लागु गर्ने, गराउने,
ट. कार्यसमितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, तथा लेखा परिक्षकले पेश गरेको लेखा परीक्षण प्रतिवदेन माथि छलफल गरी पारित गर्ने,
ठ. महासंघ अन्तर्गतका कर्मचारीहरुको दरबन्दी, योग्यता र सेवाका शर्तहरु निर्धारण गर्ने ,
ड. अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको सुविधाका विषयमा निर्णय गर्ने ,
ढ. लेखापरिक्षकको नियुक्ति गर्ने ,
ण. विधानको उद्धेश्य पूर्तिका लागि अन्य आवश्यक सबै काम गर्ने, गराउने ।

**परिच्छेद - ४**

## कार्यसमिति

### १०. कार्यसमितिको गठन :

१. महासंघको कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ :

क. परिषदका सदस्यहरुमध्येबाट सम्पूर्ण सदस्यहरुको बहुमतको आधारमा निर्वाचित अध्यक्ष र उपाध्यक्ष,
ख. प्रत्येक विकास क्षेत्र भित्रका परिषदमा प्रतिनिधित्व गर्ने सदस्य - जिल्ला विकास समितिका सदस्यहरुले आफूहरुमध्येबाट तीन जनाको दरले निर्वाचित पन्ध्र जना सदस्यहरु,
ग. खण्ड (क) र (ख) अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुले निर्णय गरी परिषदका सदस्यहरु मध्येबाट विभिन्न राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी पदीय सन्तुलन मिलाई मनोनित गरिने पाँच जना सदस्यहरु ,
घ. महासंघको निवर्तमान अध्यक्ष एक अवधिका लागि सदस्य,

तर यो विधान अन्तर्गत पहिलो पटक निर्वाचित भई गठन भएको कार्य समितिले परिषदमा यो विधान पेश गर्ने तदर्थ समितिका सदस्यहरुमध्येबाट कुनै एक सदस्यलाई कार्य समितिको सदस्यका रुपमा एक पटकका लागि मनोनयन गरिने छ ।

ङ. कार्यसमितिले आफु मध्येबाट एकजना प्रवक्ता नियुक्त गर्न सक्नेछ ।

२. वहाल रहेका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको कुनै पद कुनै कारणबाट रिक्त हुन आएमा सो रिक्त स्थानको पुर्ति साविक बमोजिमकै प्रकृया अपनाई गरिनेछ ।

## ११. कार्यसमितिको काम, कर्तव्य र अधिकार

१. कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :
   क. परिषदको नीति, निर्देशन र निर्णयअनुसार काम गर्ने ,
   ख. परिषद समक्ष महासंघको नीति, कार्यक्रम तथा बजेट पेश गर्ने,
   ग. परिषदमा पेश गर्ने भनी कुनै सदस्य - जिल्ला विकास समितिबाट सिफारिस भई आएका विषयहरु अन्य सदस्य जिल्ला विकास समितिहरुसंग सम्बन्ध र सम्पर्क राखि उपयुक्तताको आधारमा परिषदमा पेश गर्ने,
   घ. सदस्य - जिल्ला विकास समितिहरुले चुक्ता गर्नु पर्ने वार्षिक सदस्यता शुल्क महासंघको कोषमा  दाखिल गर्ने, गराउने,
   ङ. जिल्ला विकास समिति तथा जिल्ला अन्तर्गतका अन्य स्थानीय निकायको स्वायत्तता, कार्य प्रणाली, योजना, प्रशासनिक बनावट, आर्थिक श्रोत, श्रोतको बाँडफाँड जस्ता विषयमा  आवश्यकता अनुसार अध्ययन अनुसन्धान गरी गराई परिषद समक्ष प्रतिवेदन पेश गर्ने, ।
   च. जिल्ला स्तरीय कार्यक्रमहरुलाई प्रभावकारी बनाउने सम्बन्धमा उपयुक्त पद्धतीको खोजी गर्ने,
   छ. सरकारी, अर्धसरकारी, गैर सरकारी कार्यालय तथा संस्थाका कार्यक्रमहरुलाई समन्वय गरी कार्यान्वयन गराउनका लागि उपाय पत्ता लगाउने,
   ज. स्थानीय निकायको संस्थागत विकास र सुदृढिकरणका लागि यस विधान अर्न्तगत रही आवश्यक पर्ने अन्य सबै काम गर्ने, गराउने,
   झ. महासंघको नियमावलीहरु बनाई परिषद्मा पेश गर्ने,
   ञ. कार्यकारी महासचिवको कार्य सम्पादनको मूल्यांकन गर्ने,
   ट. परिषद्को बैठक बोलाउने,

२. कार्यसमितिले विकेन्द्रीकरण सम्वन्धि विशेषज्ञ, अर्थशास्त्री, कानूनविद, व्यवस्थापनसम्वन्धी विशेषज्ञ तथा स्थानीय निकायसंग सम्बन्धीत षियका जानकारहरुमध्येबाट एउटा सल्लाहकार मण्डलको गठन गर्न सक्नेछ ।
३. उपधारा (२) बमोजिम गठित सल्लाहाकार मण्डलको काम, कर्तव्य र अधिकार तथा सेवा, शर्त र सुबिधा तोकिए बमोजिम हुनेछ ।

## १२. अध्यक्षको काम, कर्तव्य र अधिकार :

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. सदस्य जिल्ला विकास समितहरुसंग निरन्तर सम्पर्क र समन्वय राखी महासंघको सुदृढिकरण र यसको उद्देश्य प्राप्तीका लागि सक्रिय भूमिका खेल्ने,
ख. परिषद्को बैठकमा महासंघ सम्बन्धी प्रतिवेदन र प्रस्ताव पेश गर्ने,
ग. महासंघको कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यसमितका तर्फबाट परिषद्मा पेश गर्ने,
घ. सचिवालयका कर्मचारीहरुको रेखदेख गर्ने,
ङ. परिषद्बाट पारित नीति तथा कार्यक्रम लागु गर्ने, गराउने,
च. उपाध्यक्ष, कार्यसमितिका अन्य सदस्य तथा कार्यकारी महासचिलाई काजमा खटाउने,
छ. कार्यकारी महासचिवको विदा स्विकृत गर्ने, साथै निजको अनुपस्थितिमा निजले गरी आएको काम गर्न आवश्यक व्यवस्था मिलाउने,
ज. बैठकमा मत बराबर भएको अवस्थामा आफ्नो निर्णायकय मत दिने,
झ. महासंघका तर्फबाट अध्यक्षले सदस्य जिल्ला विकास समितिहरुसंग सम्पर्क राखी आवश्यक काम कार्वाही गर्ने,
ञ. महासंघका नाममा प्राप्त हुन आएका रकम र वस्तुहरुको संरक्षण गर्ने, गराउने,
ट. आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई अध्यक्षको कार्यभार सम्हाल्न, कार्यकारी महासचिव मार्फत जानकारी दिने, दिन लगाउने,
ठ. सदस्य - जिल्ला विकास समितिहरुको स्थलगत अध्ययन गर्ने,
ड. तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने,
ढ. परिषद्को अध्यक्षता गर्ने ।

## १३. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

उपाध्यक्षको काम, कर्तव्य, र अधिकार देहाय बमोजिम हुनेछ ।

क. अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको सम्पूर्ण कामकारवाही गर्ने,
ख. तोकिए बमोजिम अन्य काम गर्ने ।

## १४. कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार :

१. कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्य समितिको बैठकमा भाग लिई महासंघको उद्देश्य प्राप्तीका लागि योगदान दिने,
ख. परिषद् र कार्य समितिले दिएको जिम्मेवारी पूरा गर्ने,
ग. तोकिए बमोजिम अन्य काम गर्ने ।

२. कुनै कारणवश अध्यक्ष र उपाध्यक्षको पदरिक्त हुन गएमा कार्यसमितिका सदस्यहरुमध्येबाट छानिएका कार्यसमितिका कुनै सदस्यले महासंघको कार्यवाहक अध्यक्ष भइ काम गर्नेछ ।

## १५. कार्यकारी महासचिवको काम, कर्तव्य र अधिकार :

१. कार्यकारी महासचिवले अध्यक्षको सामान्य रेखदेखमा काम गर्नेछ ।

२. कार्यकारी महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क. परिषद् तथा कार्यसमितिबाट पारित निर्णयहरुलाई कार्यान्वयन गर्ने,
ख. महासंघको स्विकृत बजेट भित्र रही योजना तथा कार्यक्रम संचालन गर्ने, गराउने,
ग. सचिवालयको प्रमुख भइ काम गर्ने,
घ. महासंघको कार्यक्रम र योजनाहरुको निरीक्षण गरी समिक्षा गर्ने, गराउने र कार्यसमितिलाई तत्सम्बन्धी प्रतिवेदन दिने,
ङ. महासंघको आम्दानी खर्चको हिसाव, किताव दुरुस्त राख्ने, राख्न लगाउने,
च. सचिवालयमा दर्ता हुन आएका प्रस्ताव, उजूरी र सूझावका सम्बन्धमा आवश्यक छानवीन गरी अध्यक्षको आदेशानुसार बैठकमा राख्ने,
छ. महासंघको सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने ।
ज. महासंघको हिसाव कितावको लेखा परिक्षण गराई बेरुजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कारवाही गर्ने, गराउने, फछ्र्यौट हुन नसकेका बेरुजुका सम्बन्धमा कार्यसमिति समक्ष प्रतिवेदन दिने ।

३. कार्यकारी महासचिवले परिषद् र कार्य समितिको बैठकमा सचिवको काम गर्नेछ ।

## परिच्छेद - ५
## बैठक र कार्य प्रणाली

**१६. बैठक र कार्य प्रणाली :**

१. परिषद्को बैठक प्रत्येक आर्थिक वर्षमा कम्तिमा एक पटक तोकिए बमोजिमको स्थान, मिति र समयमा बस्नेछ ।

२. परिषद्का सदस्यहरुलाई कार्यसमितिले छलफलका लागि तोकेको विषय सूचि समेत समाबेश गरी कम्तीमा एक महिना अगावै सम्बन्धित सदस्य - जिल्ला विकास समिति मार्फत सूचना दिनु पर्नेछ ।

३. कार्य समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।

४. कार्य समितिको बैठक अध्यक्षको निर्देशनमा छलफलको विषय सूचि समेत समावेश गरी बैठक बस्ने स्थान, समय र मिति समेत खोली कम्तीमा पन्ध्र दिन अगावै कार्यकारी महासचिवले कार्य समितिका सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।

५. सदस्य - जिल्ला विकास समितिको कार्यालयमा प्राप्त भएको बैठक सम्बन्धी सूचनालाई सम्बन्धित परिषद् वा कार्यसमितिका सदस्यले प्राप्त गरेको मानिनेछ ।

६. बैठकको गणपूरक संख्या कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत हुनेछ ।

७. यो विधानमा अन्यथा लेखिएदेखि वाहेक बैठकको निर्णय बहुमतका आधारमा हुनेछ ।

८. बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा कार्यसमितिका उपस्थित मध्ये सबै भन्दा जेठो सदस्यले गर्नेछन् ।

९. परिषद्का सम्पूर्ण सदस्यहरु मध्ये पचास प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । गणपूरक संख्या नपुगेको कारणले तोकिएको दिन र समयमा बैठक बस्न नसकेमा त्यसको भोली पल्ट उही समयमा बैठक बस्नेछ । उक्त बैठकमा एक तिहाई सदस्यहरु उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

१०. परिषद् वा कार्यसमितिको बैठक सुसंचालन गर्ने जिम्मेवारी सभापतित्व गर्ने व्यक्तिको हुनेछ । सभापतित्व गर्ने ब्यक्तिलाई बैठक संचालन गर्न सम्वन्धित सबैले सहयोग गर्नु पर्नेछ ।

११. परिषद्का एक तिहाई सदस्यहरुले कारण खोली अविलम्ब परिषद्को बैठक बोलाउने माग गरेमा अध्यक्षले एक महिना भित्र बस्ने गरी परिषदको बैठक बोलाउन आदेश दिनु पर्नेछ ।

१२. कार्यसमितिका एक तिहाई सदस्यले लिखित माग गरेमा अध्यक्षले पन्ध्र दिन भित्र बस्ने गरी कार्य समितिको बैठक बोलाउन आदेश दिनु पर्नेछ ।

१३. बैठकको अन्य कार्य प्रणाली सभापतित्व गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

**१७. महासंघको कोष :**

१. महासंघको एउटा कोष रहनेछ ।

२. उपधारा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ :

क. सदस्य - जिल्ला विकास समितिबाट प्राप्त हुने सदस्यता दस्तुर बापतको रकम,
ख. श्री ५ को सरकार, कुनै संस्था वा व्यक्ति वा अन्तराष्ट्रिय निकायबाट प्राप्त दान, चन्दा र सहायताबाट प्राप्त रकम,
ग. महासंघको कार्यक्रम आदिबाट उठेको रकम,
घ. महासंघको सम्पत्ति लिलाम विक्रि आदिबाट प्राप्त रकम,
ङ. दर्ता, दस्तुर, ऋण आदिबाट प्राप्त रकम,
च. अन्य श्रोतबाट प्राप्त रकम,

३. महासंघको नाममा प्राप्त हुने सम्पूर्ण रकम कार्यसमितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

४. उपधारा (३) बमोजिम खोलिएको खातालाई महासंघको कोषको मूल खाता मानिनेछ ।

५. महासंघको कोषको मुल खाता संचालन अध्यक्ष र कार्यकारी महासचिवको संयुक्त हस्ताक्षर र छापबाट हुनेछ भने कार्यसमितिको निर्णय अनुसार अन्य सहायक खाताहरु कार्यकारी महासचिव र लेखा प्रमुखको संयुक्त हस्ताक्षर र छापबाट हुनेछ ।

६. कार्यसमितिको निर्णय बमोजिम मूल खातामा जम्मा गरिएको रकम आवश्यकता अनुसार अन्य खातामा सार्न र खर्च गर्न सकिनेछ ।

७. महासंघको श्रेस्ता श्री ५ को सरकारको श्रेस्ता प्रणालीको ढाँचामा राखिनेछ ।

**१८. लेखा र लेखापरीक्षण :**

१. महासंघको लेखापरीक्षण परिषद्ले तोकेको अधिकार प्राप्त लेखा परीक्षणबाट हुनेछ ।

२. महासंघको लेखा, परिषद्को कुनैपनि सदस्यले हेर्न चाहेमा कार्यकारी महासचिवको अनुमतिबाट हेर्न सकिनेछ ।

**१९. रकमान्तर :**

१. परिषद्बाट पारित बजेटको २० प्रतिशतमा नबढाई कार्यकारी महासचिवको माग अनुसार कार्यसमितिले रकमान्तर गर्न सक्नेछ ।

२. उपधारा (१) बमोजिमको रकमान्तर गर्दा भैपरि आउने र आर्थिक सहायताको लागि गरिने छैन।

**२०. भत्ता र अन्य सुविधा :**

अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको बैठक भत्ता र अन्य सुविधा परिषद्को बैठकले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था

**२१. कार्यकारी महासचिवको नियुक्ति :**

१. महासंघको सचिवालयको प्रमुखको रुपमा कार्यकारी महासचिवको नियुक्ति गरिनेछ ।

२. उच्च शैक्षिक योग्यता, निस्कलंक चरित्र, विशिष्ट प्रशासनिक अनुभवका साथै महासंघको उद्देश्य र भावनानुरुप काम गर्न सक्ने क्षमता भएको नेपाली नागरिकलाई कार्यकारी महासचिवको पदमा नियुक्त गरिनेछ ।

३. कार्यकारी महासचिवको नियुक्ति कार्यसमितिले निर्धारण गरेको प्रकृया अनुसार हुनेछ ।

४. कार्यकारी महासचिवको योग्यता, सेवा, शर्त र सुविधा कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. सचिवालयको सबै कर्मचारीहरु कार्यकारी महासचिवको रेखदेख र मातहातमा हुनेछन् ।

६. महासंघका अन्य कर्मचारीहरुको नियुक्ति र बढुवा गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन गरिनेछ ।

(क) महासंघका अध्यक्ष................................................................ अध्यक्ष
(ख) कार्यसमितिका सदस्यहरु मध्येबाट बैठकले तोकेको एक जना सदस्य ... सदस्य
(ग) कार्यकारी महासचिव.............................................................. सदस्य-सचिव

७. उपाधारा (६) अनुसारको समितिको सिफारिशको आधारमा कर्मचारीहरुको नियुक्ति र पदोन्नती कार्यकारी महासचिवले गर्नेछ ।

## २२. अधिकार प्रत्यायोजन :

१. आवश्यकता अनुसार परिषद्ले आफूमा निहित रहेको केही अधिकार कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२. कार्यसमितिले आफूमा निहित रहेको केही अधिकार अध्यक्ष, उपाध्यक्ष, कार्यसमितिको सदस्य तथा कार्यकारी महासचिव मध्ये कसैलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३. अध्यक्षले आफूमा निहित रहेको केही अधिकार उपाध्यक्ष तथा महासचिव मध्ये कसैलाई पनि प्रत्यायोजन गर्न सक्नेछ ।

४. कार्यकारी महासचिवमा निहित रहेको अधिकार आफूभन्दा एकतह मुनीका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. उपाधारा (१) (२) (३) र (४) बमोजिम प्रत्यायोजन अधिकार कुनै पनि समयमा फिर्ता लिन सकिनेछ ।

## परिच्छेद - ८
## विविध

**२३. नियम :**

१. यस महासंघको उद्देश्य पूर्तिका लागि आवश्यक कर्मचारीहरुको योग्यता, नियुक्ति, कार्वाही, सेवा शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२. महासंघको आर्थिक प्रशासन सम्बन्धी नियम परिषद्ले पारित गरी लागु नगरेको अवस्था सम्म प्रचलित कानून बमोजिम संचालन गरिनेछ ।

३. कार्यसमितिको निर्वाचनका लागि परिषदले तोके बमोजिमको निर्वाचन मण्डल गठन गरिनेछ ।

४. कार्यसमितिको निर्वाचन परिषद्ले पारित गरी लागु गरेको नियम बमोजिम हुनेछ । तर परिषद्ले नियम पारित गरी लागू नगरेको अवधीसम्म कार्यसमितिले निर्धारण गरेको प्रकृया बमोजिम कार्य समितिका लागि अध्यक्ष, उपाध्यक्ष र सदस्यको निर्वाचन हुनेछ ।

५. परिषद्ले यस विधानको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार अन्य नियम बनाई लागू गर्न सक्नेछ ।

**२४. समिति, उपसमिति वा कार्यदल :**

१. परिषद् वा कार्यसमितिले महासंघको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार एक वा एक भन्दा बढि समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।
२. उपधारा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र समयावधी परिषद् वा कार्य समितिले तोके बमोजिम हुनेछ ।

**२५. विधान संशोधन :**

१. परिषद्का सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतको निर्णयमा महासंघ नेपाल दर्ता गर्ने निकायको स्वीकृतीले विधान संशोधन गर्न सकिनेछ ।

२. विधान संशोधन सम्बन्धी प्रस्ताव कार्य समिति वा परिषदका कम्तिमा दश प्रतिशत सदस्यहरुले प्रस्ताव गरी परिषद्मा पेश गर्न सक्नेछन् ।

३. उपधारा (२) बमोजिमको प्रस्ताव परिषदमा प्रस्तुत गर्नु भन्दा सात दिन अगावै सचिवालयमा दर्ता गराउन पर्नेछ ।

**२६. बाधा अडकाउ फुकाउने :**

यस विधानको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा कार्यसमितिको बैठकले कारण खोली त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ । तर यसरी बाधा अडकाउ फुकाईएको विषय लगत्तै हुने परिषद्को बैठकमा पेश गर्नु पर्नेछ ।

**२७. पदावधी :**

१. परिषद्को कार्यावधी सदस्य - जिल्ला विकास समितिको कार्यावधी संगै समाप्त हुनेछ ।

२. उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिको कार्यावधी दुई वर्ष ५ महिनाको हुनेछ । तर कारणवश कार्यसमितिको चुनाव हुन नसकेको अवस्थामा मौजुदा कार्यसमितिले नै नयाँ कार्यसमितिको गठन नभएसम्म दैनिक कार्य संचालन गर्नेछ ।

३. जिल्ला विकास समितिका लागि निर्वाचन मितिको घोषणा भएपछि कार्यसमितिले नीतिगत विषयमा कुनै निर्णय लिन सक्ने छैन ।

**२८. बचाउ :**

१. कार्यसमितिका सदस्य एवं कर्मचारीले महासंघको उद्देश्य पूर्तिका लागि असल नियतले गरेको काम कारवाहीबाट हुन गएको हानी नोक्सानी वापत व्यक्तिगत रुपमा जवाफदेही व्यहोर्नु पर्ने छैन ।

२. यो विधान परिषदको पहिलो वैठकबाट पारित भई लागु भए पछि गठन हुने कार्यसमितिले महासंघको कानूनी मान्यताका लागि कारवाही गर्नेछ ।

३. उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो विधानको मस्यौदा तयार गरी परिषदमा पेश गर्ने तदर्थ समिति र उक्त तदर्थ समितिले गरेको काम कार्वाहीलाई यसै विधान अनुसार भए गरेको मानिनेछ ।

४. परिषदबाट कार्यसमितिको निर्वाचन भइ नयाँ कार्य समितिले कार्यभार सम्हाले पछि उक्त तदर्थ समिति स्वतः विघटन भएको मानिनेछ ।

जिल्ला विकास समिति महासंघ नेपालको विधान २०५२ मा देहायबमोजिमको संशोधन/थप गरिएको छ।

| **धारा** | **साविकको व्यवस्था** | **संशोधन/थप** | **औचित्य** |
|---|---|---|---|
| ८ को २ "ख" | प्रत्येक सदस्य जिल्ला विकास समितिका इलाका सदस्यहरु मध्ये आफुहरु मध्येबाट निर्वाचित एक जना सदस्य | प्रत्येक सदस्य जिल्ला विकास समितिका सदस्यहरु मध्ये जिल्ला विकास समिति वोर्डले निर्वाचित गरेको एक जना महिला सदस्य सहित दुईजना सदस्य, | महिला प्रतिनिधित्व बढाउने उदेश्यले यो प्रावधान थप गरिएको। |
| १० को "ङ" | थप गरिएको | कार्य समितिले आफुमध्येबाट एक जना प्रवक्ता नियुक्त गर्न सक्ने छ। | संस्थाको लागि प्रवक्ता अत्यन्त महत्वपूर्ण पद भएको हुँदा यो पदलाई विधानमा नै उल्लेख गर्नु राम्रो हुने भएको |

जिल्ला विकास समिति महासंघ नेपालको विधान २०५२ मा देहायबमोजिमको संशोधन/थप गरिएको छ ।

| धारा | साविकको व्यवस्था | संशोधन/थप | औचित्य |
|---|---|---|---|
| १७ को (५) | महासंघको कोषको खाता संचालन कार्यसमितिले तोकेको पदाधिकारी र कर्मचारीहरु मध्येबाट हुनेछ । | महासंघको कोषको मुल खाता अध्यक्ष र कार्यकारी महासचिवको संयुक्त हस्ताक्षर र छापबाट हुनेछ भने कार्यसमितिको निर्णय अनुसार अन्य सहायक खाताहरु कार्यकारी महासचिव र लेखा प्रमुखको संयुक्त हस्ताक्षर र छापबाट हुनेछ | व्यवहारिक पक्षबाट यस किसिमको प्रावधान गर्न आवश्यक भएको हुँदा । |
| २१ को (६) | महासंघका अन्य कर्मचारीहरुको नियुक्ती र बढुवा गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिनेछ । | महासंघका अन्य कर्मचारीहरुको नियुक्ती र बढुवा गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन गरिनेछ । | कार्यसमितिनै अधिकार सम्पन्न भएले कार्यसमतिबाट गठित समितिले सिफारिस मात्र नगरी पदपुर्ति समेत गर्दा राम्रो हुने भएको हुँदा |
| २३ को (३) | कार्यसमितिको निर्वाचनका लागि कार्यकारी महासचिव पदेन निर्वाचन अधिकृत हुनेछन । | कार्यसमितिको निर्वाचनका लागि परिषदले तोके बमोजिमको निर्वाचन मण्डल गठन गरिनेछ । | निर्वाचन मण्डल बनाउने अधिकार परिषदमा राख्दा विवादास्पद नहुने हुँदा । |

२०५८/९/१३

श्री जिल्ला प्रशासन कार्यालय,
बबरमहल, काठमाण्डौं ।

**विषय : विधान संशोधन बारे ।**

उपरोक्त सम्वन्धमा २०५२/७/१३ को मन्त्रीपरिषदको निर्णय अनुसार राष्ट्रिय निर्देशन ऐन २०१८ को दफा (३) बमोजिम २०५८/८/२४ गते जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भएको जिल्ला विकास समिति महासंघ नेपालको विधान २०५२ मा महासंघको गत २०५८ मंसिर १० र ११ गते बसेको आठौं परिषदको बैठकले केही दफाहरु संशोधन गरेको हुँदा आवश्यक कागजात यसै साथ सम्लग्न राखी आवश्यक कार्वाहीको लागि अनुरोध गर्दछु ।

भवदीय,

..............................
(मुरारिप्रसाद उपाध्याय)
का.वा. कार्यकारी महासचिव

**सम्लग्न कागजातहरु :**

१. संशोधित विधान ३ थान
२. परिषदको निर्णय प्रतिलिपि १ थान
३. प्रमाणपत्रको प्रतिलिपि १ थान